# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, जेठ ३२ गते २०४५ साल (अतिरिक्ताङ्क १३ (क)


## भाग ३

### राष्ट्रिय पञ्चायत सचिवालयको सूचना

#### राष्ट्रिय पञ्चायत (पहिलो संशोधन) नियमावली, २०४५

राष्ट्रिय पञ्चायत नियमावली, २०४० लाई संशोधन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराजबाट नेपालको संविधानको धारा ५० को उप-धारा (१) बमोजिम राष्ट्रिय पञ्चायतले बनाएको देहायबमोजिमको नियमावली स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम "राष्ट्रिय पञ्चायत (पहिलो संशोधन) नियमावली, २०४५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय पञ्चायत नियमावलीको प्रस्तावनामा संशोधनः राष्ट्रिय पञ्चायत नियमावली, २०४० (यसपछि मूल नियमावली भनिएको) को प्रस्तावनामा रहेको "स्वीकृति बक्सेको" भन्ने शब्दहरुको सट्टा "स्वीकृत गरिबक्सेको" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल नियमावलीको नियम २ मा संशोधन : मूल नियमावलीको नियम २ को खण्ड (ट) को सट्टा देहायबमोजिमको खण्ड (ट) राखिएको छः–

"(ट) "लेखा" भन्नाले आर्थिक कारोबार भएको व्यहोरा देखिने गरी खडा गरेको अभिलेख सम्झनुपर्छ र सो शब्दले त्यस्तो अभिलेखलाई प्रमाणित गर्ने अन्य कागजात एवं तत्सम्बन्धी बोधार्थ समेतलाई जनाउँछ ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल नियमावलीको निमय ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को उप-नियम (३) मा रहेको "छानिएको" भन्ने शब्दको सट्टा "निर्वाचित भएको" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को उप-नियम (१) मा रहेको "छानिएको" भन्ने शब्दको सट्टा "निर्वाचित भएको" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल नियमावलीको नियम १२ मा संशोधन : मूल नियमावलीको नियम १२ को उप-नियम (३) मा रहेको "छानिएको" भन्ने शब्दको सट्टा "निर्वाचित भएको" भन्ने शब्दहरू राखिएका छन् ।

७. मूल नियमावलीको नियम १३ मा संशोधनः मूल नियमावलीको नियम १३ को उप-नियम (१) मा रहेको "छानिएको" भन्ने शब्दको सट्टा "निर्वाचित भएको" भन्ने शब्दहरू राखिएका छन् ।

८. मूल नियमावलीको नियम १४ मा संशोधनः मूल नियमावलीको नियम १४ को शुरुमा रहेको "प्रत्येक वर्ष राष्ट्रिय पञ्चायतको अधिवेशनको प्रारम्भमा" भन्ने वाक्यांश झिकिएको छ ।

९. मूल नियमावलीको नियम १७ मा संशोधनः मूल नियमावलीको नियम १७ को खण्ड (क) पछि देहायबमोजिमको खण्ड (क१) थपिएको छः–

"(क१) पूरक अनुमान पेश गर्न, वा"

१०. मूल नियमावलीको परिच्छेद ६ पछि देहायबमोजिमको परिच्छेद–६क थपिएको छः–

"परिच्छेद–६क

लिखत, प्रतिवेदन वा विषयमा छलफल

१८क. लिखत, प्रतिवेदन वा विषयमा छलफलः (१) यस नियमावलीमा अन्यत्र लेखिए देखि बाहेक श्री ५ बाट कुनै लिखत, प्रतिवेदन वा विषय राष्ट्रिय पञ्चायतमा पठाइबक्सेमा वा पेश गर्न लगाइबक्सेमा राष्ट्रिय पञ्चायतले सो लिखत, प्रतिवेदन वा विषयमा छलफल गरी अध्यक्षमार्फत श्री ५ का हजूरमा राय चढाउनेछ ।

(२) उप-नियम (१) बमोजिम हुने छलफल र राष्ट्रिय पञ्चायतको राय श्री ५ का हजूरमा चढाउनको लागि अध्यक्षले उपयुक्त कार्यविधि अपनाउन सक्नेछ ।"



292

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. मूल नियमावलीको नियम २२ मा संशोधनः मूल नियमावलीको नियम २२ को उप-नियम (१) को खण्ड (ग) को सट्टा देहायबमोजिमको खण्ड (ग) राखिएको छः–

"(ग) पञ्चायतका विभिन्न तहहरू वा पञ्चायतका वर्गीय सङ्गठनका विभिन्न तहहरू वा सर्वसाधारणको रायको निमित्त प्रसार गरियोस् भन्ने विधेयक ।"

१२. मूल नियमावलीको नियम २३ मा संशोधनः मूल नियमावलीको नियम २३ को उप-नियम (२) मा रहेको "कुनै कार्य" भन्ने शब्दहरूपछि "माथि" भन्ने शब्द थपिएको छ ।

१३. मूल नियमावलीको नियम २८ मा संशोधन : मूल नियमावलीको नियम २८ को उप-नियम (२) को सट्टा देहायबमोजिमको उप-नियम (२) राखिएको छ।

"(२) उप-नियम (१) बमोजिम राजनिशानलाई सिंहासनमा राख्नको निमित्त लैजाँदा उपस्थित भएसम्म अध्यक्ष, उपाध्यक्ष, कुनै एक मन्त्री र सचिवसहितको समूह क्रमबद्ध रूपमा जानेछ ।

तर

(१) अध्यक्षको निर्वाचन भै नसकेको अवस्थामा बैठकको अध्यक्षता गर्ने व्यक्ति र अध्यक्ष अनुपस्थित रहेको अवस्थामा उपाध्यक्ष त्यस्तो समहको पहिलो क्रममा रहनेछ ।

(२) उपाध्यक्ष सो समहको पहिलो क्रममा रहेको अवस्थामा वा उपाध्यक्षको अनुपस्थितिमा नियम ११ बमोजिम बैठकको सभापतित्व गर्न मनोनीत सदस्यहरूमध्येको एक जना सदस्य सो समूहमा रहने छ ।"

१४. मूल नियमावलीको नियम ३० मा संशोधनः मूल नियमावलीको नियम ३० को खण्ड (ख) को सट्टा निम्नबमोजिमको खण्ड (ख) राखिएको छः–

"(ख) यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक अध्यक्षको अनुमति बिना कुनै सदस्यले एउटै प्रस्तावमा एक पटकभन्दा बढी बोल्न पाउनेछैन ।"

१५. मूल नियमावलीको नियम ३५ मा संशोधन : मूल नियमावलीको नियम ३५ को सट्टा देहायबमोजिमको नियम ३५ राखिएको छः–

"३५. नियमापत्ति : (१) बैठकसमक्ष तत्काल विचाराधीन रहेको विषयमा कुनै सदस्यले जुन नियम उल्लङ्घन भएको हो सो खुलाई नियमापत्ति उठाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियमापत्ति उठाउने सदस्यले अध्यक्षबाट स्वीकृतिसूचक अभिव्यक्ति वा इशारा पाएपछि बोलिरहेको सदस्यले बोल्न बन्द गर्नुपर्छ ।

(२) अध्यक्षले अनुमति दिएपछि नियमापत्ति उठाउने सदस्यले आफ्नो कुरा र आधार स्पष्ट गरी नियमापत्तिसम्बन्धी कुरा मात्र बोल्न पाउनेछ र नियमापत्ति उठाइसकेपछि आफ्नो स्थान ग्रहण गर्नुपर्छ ।

(३) बैठकमा उठाइएको कुनै पनि नियमापत्तिको निर्णय गर्ने अधिकार अध्यक्षलाई हुनेछ र निजको निर्णय सबै सदस्यहरूले मान्नु पर्नेछ ।"

१६. मूल नियमावलीको नियम ३८ मा संशोधनः मूल नियमावलीको नियम ३८ को उप-नियम (३) को सट्टा देहायबमोजिमको उप-नियम (३) राखिएको छः–

"(३) कुनै प्रस्तावको सम्बन्धमा संख्यात्मक गणना गर्नु पर्ने आवश्यकता अध्यक्षलाई लागेमा निजले प्रत्येक सदस्यलाई "हुन्छ" वा "हुन्न" वा "मत दिन्न" भन्ने शब्द उच्चारण गर्न लगाई मत सङ्कलन गर्न सक्नेछ र सङ्कलित मतको आधारमा अध्यक्षले बहुमतको घोषणा गर्नेछ । अध्यक्षको विचारप्रति नियम ३९ बमोजिम असहमति प्रकट नगरिएमा अध्यक्षको विचार बैठकको निर्णय मानिनेछ ।"

१७. मूल नियमावलीको नियम ३९ मा संशोधनः मूल नियमावलीको नियम ३९ को सट्टा देहायबमोजिमको नियम ३९ राखिएको छः–

"३९. पुनः मत सङ्कलन र विभाजनः (१) नियम ३८ को उपनियम (२) वा (३) बमोजिमको अध्यक्षको विचारप्रति कम्तिमा बीस जना सदस्यहरूले आ-आफ्नो स्थानमा उभिई असहमति प्रकट गरेमा अध्यक्षले क्रमशः "हुन्छ" र "हुन्न" भन्ने सदस्यहरूलाई आफ्नो स्थान नछोडी उभिने आदेश दिई पुनः मत सङ्कलन गर्नेछ र त्यसको आधारमा बहुमतको घोषणा गर्नेछ । सो घोषणाप्रति असहमति प्रकट नगरिएमा सोही घोषणा बैठकको निर्णय मानिनेछ ।

(२) उपनियम (१) बमोजिम अध्यक्षले सुनाएको पुनः मत सङ्कलनको नतिजाप्रति कम्तिमा तीस जना सदस्यहरूले आ-आफ्नो स्थानमा उभिई असहमति प्रकट गरेमा अध्यक्षले सदस्यहरूलाई विभाजनको निमित्त आदेश दिनेछ ।

(३) विभाजनको तरीका अध्यक्षले निर्देश गरेबमोजिम हुनेछ ।

(४) विभाजनको नतिजा अध्यक्षले यथाशीघ्र सुनाउनेछ र त्यसप्रति कसैले पनि असहमति प्रकट गर्न पाउनेछैन ।"



२१४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. मूल नियमावलीको नियम ४२ मा संशोधन : मूल यिमावलीको नियम ४२ को–

(१) उपनियम (१) मा रहेको "बारम्बार बाधा दिएर नियमहरूको दुरूपयोग गर्ने भन्ने शब्दहरूको सट्टा"बारम्बार बाधा दिने"भन्ने शब्दहरू राखिएका छन्

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः–

"(२) उपनियम (१) बमोजिम नाउँ तोकिएको सदस्यलाई बैठकबाट निलम्बन गरियोस् भनी कुनै सदस्यद्वारा प्रस्ताव पेश भएमा अध्यक्षले सो प्रस्ताव बैठकको निर्णयको लागि तुरून्त प्रस्तुत गर्नेछ र त्यसमाथि कुनै संशोधन वा स्थगन प्रस्ताव ल्याई छलफल गर्न पाइनेछैन ।"

(३) उपनियम (६) मा रहेको "बाँकी अधिवेशन काल' भन्ने शब्दहरूको सट्टा "चालू अधिवेशनको बाँकी अवधि" भन्ने शब्दहरू राखिएका छन् ।

(४) उपनियम (८) को अन्तमा देहायको वाक्य थपिएको छः–

"त्यसको जानकारी अध्यक्षद्वारा बैठकलाई दिइनेछ ।"

१९. मूल नियमावलीको नियम ४३ मा संशोधनः मूल नियमावलीको नियम ४३ को सट्टा देहायबमोजिमको नियम ४३ राखिएको छः–

"४३. सुव्यवस्था र अनुशासन कायम राख्ने सम्बन्धमा अध्यक्षको विशेष अधिकारः

(१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले बैठक भवनमा शान्ति, सुव्यवस्था तथा अनुशासन भङ्ग गरेमा वा गर्न लागेमा वा राष्ट्रिय पञ्चायतको प्रतिष्ठामा धक्का लाग्ने किसिमले बैठक भवनभित्र ध्वंशात्मक प्रवृत्ति देखाएमा वा बल प्रयोग गरेमा वा गर्न लागेमा अध्यक्षले निजलाई मर्यादापालक र आवश्यक भए अरूको समेत मद्दत लिई बैठक भवनबाट तत्काल निस्कासित गर्न सक्नेछ र यसरी निस्कासित गर्नु परेको सदस्यलाई अध्यक्षले बढीमा पन्ध्र दिनसम्मको लागि निलम्बन गर्न सक्नेछ ।

(२) उपनियम (१) अनुसार निलम्बित सदस्यको हकमा पनि नियम ४२ को उपनियम (४), (७) र (८) का व्यवस्था लागू हुनेछन् ।"

२०. मूल नियमावलीको नियम ४६ मा संशोधनः मूल नियमावलीको नियम ४६ को खण्ड (ज) को सट्टा देहायबमोजिमको खण्ड (ज) राखिएको छः–

"(ज) प्रचलित कानूनअन्तर्गत खडा भएको न्यायिक वा अर्ध न्यायिक निकाय वा अधिकारीको विचाराधीन रहेको न्यायिक विषय वा श्री ५ बाट वा प्रचलित कानूनबमोजिम जाँचबुझ गर्न, सुझाव दिन, प्रतिवेदन पेश गर्न



295

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा न्यायिक निर्णय गर्न गठित आयोग वा समितिको विचाराधीन रहेको विषय,"

२१. मूल नियमावलीको नियम ४८ मा संशोधनः मूल नियमावलीको नियम ४८ को उपनियम (२) मा रहेको "अध्यक्षले" भन्ने शब्दको सट्टा "अध्यक्षद्वारा" भन्ने शब्द राखिएको छ ।

२२. मूल नियमावलीको नियम ५१ मा संशोधन : मूल नियमावलीको नियम ५१ को उपनियम (२) मा रहेको "स्वीकृत प्रस्ताव बाहेक अन्य शेष प्रस्ताव स्वतः फिर्ता लिएको मानिनेछ" भन्ने शब्दहरूको सट्टा "स्वीकृत प्रस्तावमा मात्र छलफल हुनेछ" भन्ने शब्दहरू राखिएका छन् ।

२३. मूल नियमावलीको नियम ५६ मा संशोधन : मूल नियमावलीको नियम ५६ को-

(१) उपनियम (१) मा रहेको "४८ घण्टा अगावै" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उपनियम (२) को सट्टा देहायबमोजिमको उपनियम (२) राखिएको छः–

"(२) उपनियम (१) बमोजिम प्राप्त सूचनालाई अध्यक्षले स्वीकृत गरेमा छलफल हुने दिन र समय तोकी ४८ घण्टा अगावै त्यसको सूचना राष्ट्रिय पञ्चायत सचिवालयको सूचना पाटीमा टाँसिनेछ । यसरी सूचना टाँसिएपछि सबै सदस्यले सूचना पाएको मानिनेछ ।"

२४. मूल नियमावलीको नियम ६५ मा संशोधन : मूल नियमावलीको नियम ६५ को उपनियम (१) को सट्टा देहायबमोजिमको उपनियम (१) राखिएको छः–

"(१) मौखिक तथा लिखित उत्तरका निमित सोधिएका स्वीकृत प्रश्नहरूको सूची तयार गरी दैनिक कार्यसूचीमा समावेश गरिनेछ ।

तर कुनै पनि दिनको कार्यसूचीमा मौखिक उत्तर दिइने प्रश्नको सूचीमा एकै सदस्यको तीनभन्दा बढी प्रश्नहरू राखिने छैनन् ।"

२५. मूल नियमावलीको नियम ६६ मा संशोधन : मूल नियमावलीको नियम ६६ को उपनियम (१) को अन्तमा रहेको "उत्तरको एक प्रति" भन्ने शब्दहरूपछि "बैठकमा" भन्ने शब्द थपिएको छ ।

२६. मूल नियमावलीको नियम ६७ मा संशोधन : मूल नियमावलीको नियम ६७ को खण्ड (च), (झ) र (ट) को सट्टा देहायबमोजिम खण्ड (च), (झ) र (ट) राखिएका छन्:–



२९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) कुनै एक प्रश्नको उत्तरको रूपमा जानकारी दिन नसकिने नीतिसम्बन्धी कुराहरूको विषय भएको,

(झ) कुनै समितिको समक्ष विचाराधीन रहेको विषय वा समितिले राष्ट्रिय पञ्चायतसमक्ष पेश गरिसकेको प्रतिवेदनको विषय भएको,

(ट) कुनै अन्य साधनबाट सहजै ज्ञात हुन सक्ने विषय भएको ।"

२७. मूल नियमावलीको नियम ६८ मा संशोधन : मूल नियमावलीको नियम ६८ को खण्ड (ग), (ङ), (च) र (ट) को सट्टा देहायबमोजिमको खण्ड (ग), (ङ), (च) र (ट) राखिएका छन्:–

"(ग) राष्ट्रिय पञ्चायत वा कुनै समिति वा तिनीहरूको निर्णयको आलोचना गरिएको विषय,

(ङ) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रचारको लागि कुनै व्यक्ति वा संस्थाको नाम आदि भएको विषय,

(च) प्रचलित कानूनअन्तर्गत खडा भएको न्यायिक वा अर्ध न्यायिक निकाय वा अधिकारीको विचाराधीन रहेको न्यायिक विषय वा श्री ५ बाट वा प्रचलित कानूनबमोजिम जाँचबुझ गर्न, सुझाव दिन वा प्रतिवेदन पेश गर्न वा न्यायिक निर्णय गर्न गठित आयोग वा समितिको विचाराधीन रहेको विषय,

(ट) संविधानको धारा ४५ अन्तर्गतका बन्देजहरूको प्रतिकूल भएको ।"

२८. मूल नियमावलीको नियम ७५ मा संशोधन : मूल नियमावलीको नियम ७५ को उपनियम (४) को सट्टा देहायबमोजिमको उपनियम (४) राखिएको छ:–

"(४) यस नियम अनुसार सोधिएको प्रश्नको सम्बन्धित मन्त्रीले उत्तर दिन असमर्थता प्रकट गरेमा अध्यक्षले प्रश्नकर्ता सदस्यलाई सो कुराको जानकारी दिई सो प्रश्नलाई नियमित कार्यसूचीको सामान्य प्रश्नमा परिणत गर्न र प्राथमिकता दिन सक्नेछ ।"

२९. मूल नियमावलीको नियम ७६ मा संशोधन : मूल नियमावलीको नियम ७६ को उपनियम (२) को सट्टा देहायबमोजिमको उपनियम (२) राखिएको छ:–

"(२) उपनियम (१) बमोजिम छलफल गर्न चाहने सदस्यले छलफल गर्न चाहेको विषय खुलाई अन्य दुइ जना सदस्यहरूको समर्थन सहितको सूचना सचिव-लाई दिनु पर्नेछ ।"



२९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०. मूल नियमावलीको नियम ८१ मा संशोधन : मूल नियमावलीको नियम ८१ को खण्ड (घ) झिकिएको छ ।

३१. मूल नियमावलीको नियम ८७ मा संशोधन : मूल नियमावलीको नियम ८७ को सट्टा देहायबमोजिमको नियम ८७ राखिएको छ:–

"८७. प्रस्ताव पेश गर्ने कार्यविधि: (१) नियम ८५ को उपनियम (१) बमोजिमको प्रस्ताव पञ्चायत नीति तथा जाँचबुझ समितिले अधिकृत गरी पठाएको राष्ट्रिय पञ्चायतको सदस्य रहेको सो समितिको सदस्यले बैठकमा पेश गर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव पेश गर्ने सदस्यलाई प्रस्तावको विषयमा वक्तव्य दिन अध्यक्षले आवश्यक समय दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रस्तावक सदस्यले वक्तव्य दिएपछि त्यस्तो प्रस्तावमा आरोप लगाइएको सदस्यले चाहेमा निजले र बोल्न चाहने अरू सदस्यहरूले प्रस्तावसित सम्बन्धित विषयमा अध्यक्षको अनुमति लिई बोल्न सक्नेछन् ।

(४) उपनियम ३ बमोजिम बोल्न चाहने सदस्यहरूले बोल्न पाउने समय अध्यक्षले तोकिदिन सक्नेछ ।

(५) उपनियम (३) बमोजिम प्रस्तावसित सम्बन्धित विषयमा बोल्न चाहने अरू सदस्यहरूले बोली सकेपछि छलफलको क्रममा उठेको कुनै विषय स्पष्ट गर्न चाहेमा अध्यक्षको अनुमति लिई आरोप लगाइएको सदस्यले जवाफ दिनेछ र अन्तमा प्रस्तावक सदस्यले चाहेमा छलफलको क्रममा उठेका कुराहरूको सम्बन्धमा अध्यक्षको अनुमति लिई जवाफ दिन सक्नेछ ।

(६) अवस्था अनुसार उपनियम (३) वा (५) बमोजिमको कार्य समाप्त भएपछि अध्यक्षले सो प्रस्तावलाई बैठकको निर्णयार्थ तत्काल पेश गर्नेछ ।

(७) यस नियमको प्रयोजनको लागि "सदस्य" भन्नाले पञ्चायत नीति तथा जाँचबुझ समितिको सदस्य रहेको मन्त्रीलाई समेत जनाउँछ ।"

३२. मूल नियमावलीको नियम ९० मा संशोधन : मूल नियमावलीको नियम ९० को उपनियम (३) को अन्तमा देहायबमोजिमको वाक्य थपिएको छ:–

"अनुमतिको कारवाही र निस्साप्राप्ति सचिवमार्फत हुनेछ ।"

३३. मूल नियमावलीको नियम ९२ मा संशोधन : मूल नियमावलीको नियम ९२ को–

(१) उपनियम(१) मा रहेको "दुई दिन" भन्ने शब्दहरूको सट्टा "बहत्तर घण्टा" भन्ने शब्दहरू राखिएका छन्



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (२) को अन्तमा देहायबमोजिमको वाक्य थपिएको छ :–

"अनुमतिको कारवाही र निस्साप्राप्ति सचिवमार्फत हुनेछ ।"

३४. मूल नियमावलीको नियम ९७ मा संशोधनः मूल नियमावलीको नियम ९७ को उपनियम (५) को सट्टा देहायबमोजिमको उपनियम (५) राखिएको छः–

"(५) कुनै विधेयकमाथि समितिमा छलफल हुँदा संशोधन प्रस्तुतकर्ता सदस्य सम्बन्धित समितिको सदस्य नभए तापनि निजले पेश गरेको संशोधनका सम्बन्धमा छलफलमा भाग लिन पाउनेछ ।"

३५. मूल नियमावलीको नियम १०१ मा संशोधन : मूल नियमावलीको नियम १०१ मा रहेको "पञ्चायतका विभिन्न तहहरू" भन्ने शब्दहरू रहेको ठाउँहरूमा सो शब्दहरू पछि "वा पञ्चायतका वर्गीय सङ्गठनका विभिन्न तहहरू" भन्ने शब्दहरू थपिएका छन् ।

३६. मूल नियमावलीको नियम १०२ मा संशोधनः मूल नियमावलीको नियम १०२ मा रहेको "पञ्चायतका विभिन्न तहहरू" भन्ने शब्दहरू रहेको ठाउँहरूमा सो शब्दहरूपछि "वा पञ्चायतका वर्गीय सङ्गठनका विभिन्न तहहरू" भन्ने शब्दहरू थपिएका छन् ।

३७. मूल नियमावलीको नियम १०४ मा संशोधन : मूल नियमावलीको नियम १०४ को खण्ड (ख) मा रहेको "पञ्चायतका विभिन्न तहहरू" भन्ने शब्दहरूपछि "वा पञ्चायतका वर्गीय सङ्गठनका विभिन्न तहहरू" भन्ने शब्दहरू थपिएका छन् ।

३८. मूल नियमावलीको नियम ११३ मा संशोधन : मूल नियमावलीको नियम ११३ को सट्टा देहायबमोजिमको नियम ११३ राखिएको छः–

"११३. पूरक अनुमान पेश गर्न सकिने:(१) संविधानको धारा ६१ बमोजिम पूरक अनुमान प्रस्तुत गर्नुपर्ने भएमा अर्थमन्त्रीले राष्ट्रिय पञ्चायतमा पूरक अनुमान प्रस्तुत गर्न सक्नेछ र पूरक अनुमान पेश गर्नु परेको कारण र उद्देश्य स्पष्ट गर्नेछ ।

(२) उपनियम (१) बमोजिम पूरक अनुमान प्रस्तुत भएपछिको अर्को बैठकमा पूरक अनुमानको उद्देश्य र कारणको सम्बन्धमा कुनै सदस्यले स्पष्टिकरणको निमित्त प्रश्न सोधेमा त्यसको जवाफ अर्थमन्त्रीले दिनेछ र अर्थमन्त्रीले त्यसरी जवाफ दिएपछि सो छलफल समाप्त भएको मानिनेछ ।"



295

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३९. मूल नियमावलीको नियम ११८ मा संशोधनः मूल नियमावलीको नियम ११८ को सट्टा देहायबमोजिमको नियम ११८ राखिएको छ ।

"११८. राष्ट्रिय पञ्चायतका समितिहरूः राष्ट्रिय पञ्चायतमा संविधानको धारा ४१क. बमोजिम देहायका समितिहरू रहनेछन् र सो समितिको नामपछि उल्लिखित विषयहरू सोही समितिसित सम्बन्धित विषय मानिनेछन् ।

| समितिको नाम | विषय |
|---|---|
| (क) पञ्चायत समिति | मन्त्रिपरिषद् र अन्तर्गत, पञ्चायत, गृह, स्थानीय विकास, सामान्य प्रशासन, कानून न्याय, रक्षा र लोक सेवा आयोगको वार्षिक प्रतिवेदन । |
| (ख) सामाजिक समिति | शिक्षा, संस्कृति, स्वास्थ्य, परराष्ट्र, सञ्चार, समाज कल्याण र आपूर्ति । |
| (ग) आर्थिक समिति | वाणिज्य, भूमिसुधार तथा व्यवस्था, योजना, अर्थ र अनुमान । |
| (घ) लेखा समिति | सार्वजनिक लेखा र महालेखा परीक्षकको वार्षिक प्रतिवेदन । |
| (ङ) जलस्रोत समिति | जलस्रोत, वन, भू-संरक्षण र कृषि । |
| (च) विकास समिति | उद्योग, निर्माण यातायात, आवास, भौतिक योजना, पर्यटन र श्रम ।" |

४०. मूल नियमावलीको नियम १२० मा संशोधन : मूल नियमावलीको नियम १२० को–

(१) उपनियम (१) मा रहेको "तीस" भन्ने शब्दको सट्टा "पच्चीस" भन्ने शब्द राखिएको छ ।

(२) उपनियम (३) को सट्टा देहायबमोजिमको उपनियम (३) राखिएको छः–

"(३) सभापति र उप-सभापति नियम १२२ बमोजिम समितिका सदस्य-हरूमध्येबाट मनोनीत हुनेछन् ।"

तर, कुनै पनि मन्त्री, सभापति वा उप-सभापति हुन पाउनेछैन ।"

(३) उपनियम (७) को शुरूमा रहेको "सचिवले" भन्ने शब्दको सट्टा "सचिवले वा समितिमा सचिव भई काम गर्न खटिएको अधिकृतले" भन्ने शब्दहरू राखिएका छन् ।



१२०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१. मूल नियमावलीको नियम १२१ मा संशोधनः मूल नियमावलीको नियम १२१ को–

(१) उपनियम (४) को सट्टा देहायबमोजिमको उपनियम (४) राखिएको छः–

"(४) समितिको सभापति र उप-सभापतिको पद रिक्त हुन आएमा नियम १२२ बमोजिम र सदस्यको पद रिक्त हुन आएमा नियम १२० को उपनियम (२) बमोजिम पूर्ति गरिनेछ र त्यसरी पूर्ति हुने समितिको सभापति, उप-सभापति वा सदस्यको पदावधि सो समितिको बाँकी कार्यावधिको निमित्त मात्र हुनेछ ।

(२) उपनियम (५) को सट्टा देहायबमोजिमको उपनियम (५) राखिएको छः–

"(५) उपनियम (१) बमोजिम गठित समितिको कार्यावधि समाप्त भएपछि कार्यरत हुने गरी त्यस्तो समितिको कार्यावधि समाप्त हुनु अगावै पनि आवश्यकतानुसार अध्यक्षले अर्को समिति गठन गर्न सक्नेछ ।"

४२. मूल नियमावलीको नियम १२२ मा संशोधन : मूल नियमावलीको नियम १२२ को सट्टा देहायबमोजिमको नियम १२२ राखिएको छः–

"१२२. सभापति वा उप-सभापतिको सिफारिश र मनोनयन : (१) समितिको सभापति मनोनयनको लागि समितिका सदस्यहरूले आफूहरूमध्येबाट तीन जना सदस्यहरूको नाम सिफारिश गरी अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम १ बमोजिम सिफारिश गर्ने तरीका, दिन र समय अध्यक्षले तोकेबमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिम सिफारिश गरिएका सदस्यहरू-मध्ये कुनै एकलाई अध्यक्षले समितिको सभापतिमा मनोनीत गर्नेछ ।

(४) समितिको उप-सभापतिको सिफारिश र मनोनयन पनि सभापतिको सम्बन्धमा यसै नियममा निर्धारित तरीका अनुसार हुनेछ ।

(५) माथि उपनियमहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमबमोजिमको सभापति र उप-सभापतिको सिफारिश र मनोनयन सम्बन्धी व्यवस्था यो नियम प्रारम्भ हुँदाका बखत कायम रहेका समितिका सभापति र उप-सभापतिको हकमा निजहरूको पदावधि कायम रहेसम्म लागू हुनेछैन ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४३. मूल नियमावलीको नियम १२५ मा संशोधनः मूल नियमावलीको नियम १२५ को सट्टा देहायबमोजिमको नियम १२५ राखिएको छ :–

"१२५. सार्वजनिक लेखासम्बन्धी काम: लेखा समितिले श्री ५ को सरकारको विनियोजन, लेखा वा राष्ट्रिय पञ्चायतमा पेश गरिएको वा लेखा समितिले महसूस गरेको कुनै पनि सार्वजनिक सम्पत्तिको वा लेखाको जाँच गरी प्रत्येक वर्ष राष्ट्रिय पञ्चायतमा प्रतिवेदन पेश गर्नेछ ।"

४४. मूल नियमावलीको नियम १३२ मा संशोधन : मूल नियमावलीको नियम १३२ को उपनियम (२) झिकिएको छ ।

४५. मूल नियमावलीको नियम १३५ मा संशोधन : मूल नियमावलीको नियम १३५ को उपनियम (२) मा रहेको "सदस्यमा निर्वाचन" भन्ने शब्दहरूको सट्टा "सदस्यको निर्वाचनमा उम्मेदवार" भन्ने शब्दहरू राखिएका छन् ।

४६. मूल नियमावलीको नियम १४४ मा संशोधनः मूल नियमावलीको नियम १४४को–

(१) उपनियम (१) पछि देहायबमोजिमको उपनियम (१क) थपिएको छः–

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मित्र-राष्ट्रका व्यवस्थापिकाका सदस्यहरू वा अन्तरव्यवस्थापिका संघका सदस्यहरू र त्यस्तो सदस्यहरूका साथमा आएका अन्य पदाधिकारीहरूलाई अध्यक्षले बैठक भवनभित्र प्रवेश गर्न अनुमति दिन सक्नेछ ।"

(२) उपनियम (४) मा रहेको "नागरिकलाई" भन्ने शब्दपछि रहेका "वा अन्तर्व्यवस्थापिका संघका पदाधिकारी र सदस्यहरूलाई" भन्ने शब्दहरू झिकिएका छन् ।

४७. मूल नियमावलीको नियम १४७ मा संशोधन : मूल नियमावलीको नियम १४७ को–

(१) उपनियम (५) को अन्तमा देहायबमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :–

"तर प्रस्ताव स्वीकृत होस् भन्ने प्रस्ताव पेश हुनुअघि आफ्नो पदको जिम्मेवारी ईमान्दारीपूर्वक पूरा नगरेको भनी आरोप लगाइएको मन्त्रीले चाहेमा अध्यक्षको अनुमति लिई छलफलको क्रममा उठेका प्रस्तावसित सम्बद्ध विषयमा बोल्न सक्नेछ ।"



९२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (७) मा "सम्पूर्ण सदस्य संख्याको साठी प्रतिशत वा सोभन्दा बढी" भन्ने शब्दहरूको सट्टा "सम्पूर्ण सदस्य संख्याको साठी प्रतिशत" भन्ने शब्दहरू राखिएका छन् ।

४८. मूल नियमावलीको नियम १४८ मा संशोधन : मूल नियमावलीको नियम १४८ को–

(१) उपनियम (५) को अन्तमा देहायबमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :–

"तर प्रस्ताव स्वीकृत होस् भन्ने प्रस्ताव पेश हुनुअघि आफ्नो पदको जिम्मेवारी ईमान्दारीपूर्वक पूरा नगरेको भनी आरोप लगाइएको अध्यक्ष वा उपाध्यक्षले चाहेमा अध्यक्षता गर्ने व्यक्तिको अनुमति लिई छलफलको क्रममा उठेका प्रस्तावसित सम्बद्ध विषयमा बोल्न सक्नेछ ।"

(२) उपनियम (७) मा "सम्पूर्ण सदस्य संख्याको साठी प्रतिशत वा सोभन्दा बढी" भन्ने शब्दहरुको सट्टा "सम्पूर्ण सदस्य संख्याको साठी प्रतिशत" भन्ने शब्दहरू राखिएका छन् ।

४९. मूल नियमावलीको नियम १५२ को सट्टा देहायबमोजिमको नियम १५२ राखिएको छ :–

"१५२. विशेषाधिकारको प्रश्न उठाउन सक्ने : राष्ट्रिय पञ्चायत वा यस नियमावलीबमोजिम गठित कुनै पनि समितिको वा कुनै सदस्यको विशेषाधिकार हनन भएको प्रश्न अध्यक्षको स्वीकृति लिई कुनै पनि सदस्यले बैठकमा उठाउन सक्नेछ ।"

५०. मूल नियमावलीको नियम १६८ मा संशोधन : मूल नियमावलीको नियम १६८ को सट्टा देहायबमोजिमको नियम १६८ राखिएको छ :–

"१६८. आपत्तिजनक शब्दहरू झिक्न सकिने : बैठकमा छलफल हुँदा प्रयोग गरिएको कुनै शब्द अशिष्ट, आपत्तिजनक वा अपञ्चायती देखिएमा अध्यक्षले उक्त शब्दलाई बैठकको कारवाहीको अभिलेखबाट झिक्न लगाउन (अफ द रेकर्ड गर्न) सक्नेछ । यसरी कारवाहीको अभिलेखबाट झिकिएको कुरा कसैले कुनै पनि रूपमा प्रचार प्रसार गर्न पाउनेछैन ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५१. मूल नियमावलीको नियम १७२ पछि नियम १७२क थप : मूल नियमावलीको नियम १७२ पछि देहायबमोजिमको नियम १७२क थपिएको छ :–

"१७२क. अध्यक्षले मनोनीत गर्ने : (१) यस नियमावलीमा लेखिएदेखि बाहेक राष्ट्रिय पञ्चायतसित सम्बन्धित समिति, समूह, संघ वा यस्तै निकायमा प्रतिनिधित्व गर्ने सदस्यलाई अध्यक्षले मनोनीत गर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत कायम रहेका कुनै समिति, संघ वा समूहका सदस्यहरूको हकमा निजहरूको पदावधि कायम रहेसम्म यो नियम लागू हुनेछैन ।"

आज्ञाले,
जीवनलाल सत्याल
राष्ट्रिय पञ्चायतको सचिव

४२६



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।